



जनप्रतिनिधिका ३ वर्ष

# विकासमा भीमेश्वर

(फोटो स्टोरी)



कभर तस्बिर

**भीमेश्वर नगरपालिका वडा नं. २ दोलखास्थित चम्पूजा पार्क**

**प्रकाशक :** भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

**प्रकाशन सल्लाहकार :**
**भरत बहादुर केसी** - नगर प्रमुख

**कमला बस्नेत** - उपप्रमुख

**मान बहादुर खड्का** - प्रमुख प्रशासकीय अधिकृत

**हरिवंश चौलागाई** - प्रवक्ता

**जगदिश अर्याल** - सूचना अधिकारी

**सुरेश राउत** - इञ्जिनियर

**चिरञ्जीवी मास्के** - पत्रकार

**प्रकाशन संयोजन :** जीवन लामा
चरिकोट मिडिया फाउण्डेशन
फोनः ०४९-४२१४८०

**प्रकाशन :** असार २०७७

**प्रकाशन संख्या :** ५०० प्रति

**मुद्रण :** डि.बि.ओ. प्रेस प्रा.लि.
अनामनगर, काठमाडौं
फोन : ०१-४१०२५११
इमेल : kladbopress@gmail.com

# gu/ k|d'v sf] # jif{



**भरत बहादुर के.सी.**
नगर प्रमुख
भीमेश्वर नगरपालिका

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले परिकल्पना गरेको सिंहदरवारको अधिकार गाउँघरमा भन्ने उद्देश्यलाई फलिभुत पार्नका लागि मुलुकको शासन व्यवस्था सञ्चालन गर्ने तीन तहको सरकारको व्यवस्था गरिएको छ । सबैभन्दा तल्लो तहको सरकार स्थानीय सरकार अर्थात घरआँगनको सरकार हो । जसले नागरिकहरुसँग प्रत्यक्ष रुपमा घुलमिल भइ जनताका सुख दुखमा साथ दिँदै विकास निर्माणका कार्यहरु अगाडि बढाउँदै समृद्धिको दिशातर्फ अगाडि बढ्नु यसको मुल कर्तव्य एवम् दायित्व हो भने समृद्धिलाई प्राप्त गर्न यसले विकास निर्माणका कार्यहरु गर्नु, पारदर्शिता अभिबृद्धि गर्नु, सुशासन कायम गर्नु र प्रभावकारी सेवा प्रवाह गर्नुका साथै स्थानीय सरकारले आफ्नो भुमिका निर्वाह गर्ने क्रममा गरेका कार्यहरु जनता माझ सार्वजनिक पनि गर्नु पर्दछ । स्थानीय सरकारले के काम गरिरहेको छ ? कसरी गरिरहेको छ ? त्यसबाट के कस्तो उपलब्धी हासिल भएको छन् ? के कति खर्च भएको छ ? के कस्ता चुनौति र अवसरहरु प्राप्त भएका छन ? जस्ता विषयमा नागरिकलाई जानकारी गराउनु वा सुसुचित गराउनु पनि सरकारको दायित्व हो भने सुसुचित हुन पाउनु नागरिकको संबैधानिक अधिकार हो । सोही प्रयोजनका लागि भीमेश्वर नगरपालिकाले आफ्नो वेवसाइट, मोवाइल एप (भीमेश्वर डबली) फेसबुक, जनतासँग मेयर रेडियो कार्यक्रम एवम पत्रपत्रिकाबाट बेलाबेलामा नागरिकमा विकास गतिविधि र सेवा प्रवाहको अवस्थाको बारेमा सुसुचित गराउँदै आएकोमा सबै वर्गमा त्यस प्रकारको जानकारी पुऱ्याउन केही गाह्रो भएको भन्ने नगर बुद्धिजिवी, समाजसेवी, सल्लाहकार एवम् नागरिक समाजबाट सुझाव समेत प्राप्त भएको सन्दर्भमा यसै आर्थिक वर्षबाट आम नागरिकलाई जानकारी दिने उद्देश्यका साथ **जनप्रतिनिधिका तीन वर्ष विकासमा भीमेश्वर** नामक पुस्तक प्रकाशन गरिएको छ । यसलाई नियमित रुपमा प्रकाशन गर्ने योजना समेत रहेको छ ।

भीमेश्वर नगरपालिकामा निर्वाचित भएको तीन वर्ष पूरा भई चौथो वर्षमा प्रवेश गरिसकेको छ । यस अवधिमा भीमेश्वर नगरपालिकाले तीन वर्षको अवधिमा गरेका महत्त्वपूर्ण कार्यहरुलाई समेटेर पहिलो अंक प्रकाशन गर्न पाउँदा ज्यादै खुशी लागेको छ । यस अंकमा विशेष गरी यस अवधिमा गरिएका महत्त्वपूर्ण कार्यहरु जस्तै नगर पार्श्वचित्र तयारी, बृहत नगर विकास योजना तयारी, खुला दिशामुक्त नगरको घोषणा, पूर्ण खोपयुक्त नगर घोषणा, बालमैत्री नगरको घोषणा, बोसिम्पा र जिलुको एकीकृत बस्ती, राङराङथलीमा थामी सङ्ग्राहलय, भ्यूटावर र विश्वशान्ति बुद्धपार्क, चम्पुजा पार्क मञ्जुश्री पार्क, टहलेश्वरी महादेव, महांकाल भगवती, बृन्दावन पार्क, मयुर पार्क, राष्ट्रियस्तरको रंगशाला, सुविधा सम्पन्न कबर्डहल, ब्याडमिन्टन हल जस्ता निर्माण कार्य भई रहेका छन् ।

स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनलाई बढावा दिन भीमेश्वर औद्योगिक पार्क निर्माणको शूरुवात, किवीजोनको विकास, रमणीय मनमोहक हात्तीछहरा पदमार्ग, रक क्लाइम्विङ निर्माणका कार्यहरु भइरहेका छन् । यिनै कुराहरुलाई जनता माझ पुऱ्याउनु र जनताको सुसुचित हुने अधिकारको सुनिश्चित गराउनका लागि प्रकाशित यस पुस्तकलाई अझ प्रभावकारी र सूचनामूलक बनाउन यहाँहरुको अमूल्य सल्लाह र सुझावको अपेक्षा गर्दछु ।

# gu/ pk-k|d'v sf]# jif{

स्थानीय सरकार नागरिकको घरदैलोको सरकार हो । जसले स्थानीय तहको विकास निर्माण, सुशासन, सेवा प्रवाह र नियमनको भूमिका निर्वाह गर्दछ। स्थानीय सरकारले गरेको कार्यहरू पारदर्शी हुनुपर्दछ र जसको बारेमा जनताले सुसूचित हुन पाउनु नागरिकको अधिकार पनि हो । भीमेश्वर नगरपालिकाबाट भए गरेका कार्यहरूको विभिन्न माध्यमबाट सार्वजनिकिकरण गर्दै आइरहेको व्यहोरा यहाँहरूलाई अवगत नै छ। भीमेश्वर नगरपालिकाको वेबसाइट, फेसबुक पेज, विभिन्न समयमा रेडियो र पत्रपत्रिका मार्फत समेत गतिविधिहरू सार्वजनिक हुँदै आएका छन् ।

नगरपालिकाबाट भए गरेका गतिविधि र उपलब्धिहरूलाई प्रकाशन गरी जनतामाझ पुऱ्याएमा अझ प्रभावकारी हुने हुँदा "जनप्रतिनिधिका ३ वर्ष - विकासमा भीमेश्वर" प्रकाशन गर्ने जमर्को गरेका छौं। यस पुस्तकमा भीमेश्वर नगरपालिकाबाट भए गरेका विकास निर्माणका गतिविधिहरू, सेवा प्रवाह र नियमनकारी भूमिका तथा कार्यहरू समावेश गरिएको छ। यसबाट नागरिकमा विकास निर्माणका गतिविधि, आम्दानी खर्चको व्यवस्था, नगरपालिकाबाट हुने गरेका असल अभ्यासहरूको कार्यहरूको बारेमा जानकारी हासिल गर्न सहज हुने विश्वास लिईएको छ।

पहिलो पटक प्रकाशन भएको यस पुस्तकलाई अझ आकर्षक, सूचनामुलक र प्रभावकारी बनाउन यहाँहरूको अमूल्य सल्लाह सुझावलाई भीमेश्वर नगरपालिकाले सधै स्वागत गर्दछ।



**कमला बस्नेत**
नगर उप-प्रमुख
भीमेश्वर नगरपालिका

# प्रकाशकीय

मानव जातिले आफूले गरेका असल प्रयासहरूको दस्तावेज बनाएर अभिलेख राखेन भने इतिहास बन्दैन । इतिहास लेखिएन भने भविष्यले चिन्दैन ।

भीमेश्वर नगरपालिकाको सातौँ नगरसभाको पूर्वसन्ध्यामा शुभचिन्तकहरू, सरोकारवालाहरू र सल्लाहकारहरूको असल सल्लाह थियो- नगरपालिकाकाले हालसम्म गरेका राम्रा प्रयासहरू सरोकार राख्नेले थाहा पाउने गरी "पुस्तक" को रुपमा प्रकाशन गर्नुपर्छ । यसै सल्लाहबाट जन्मेको हो यो प्रकाशन "**जनप्रतिनिधिका तीन वर्ष- विकासमा भीमेश्वर** ।"

यो प्रकाशनले तपाई शुभचिन्तकहरूलाई भी.न.पा.-१ सुस्पाक्षमावतीको बोसिम्पा एकीकृत बस्तीबाट गल्ली, गोरेटो र चिल्लो बाटो हिडाउँदै राङराङथलीमा करिब निर्माण सम्पन्न हुन लागेको थामी सङ्ग्राहलय, कलात्मक पोखरीबाट ढुङ्गाका सिंढी उकाल्दै दायाँबायाँ सुनखरी बगैंचा भएर वडा नं ६ खोर्थलीमा रहेको भ्यूटावर र विश्वशान्ति बुद्धपार्क पुऱ्याउनेछ । बुद्ध जन्मनै लागेको यो डाँडामा कालिञ्चोक भगवती-गौरीशंकर-बुद्धपार्कको त्रिदौंक सङ्गम देख्न सकिनेछ । यसैगरी राङराङथलीभन्दा अलि माथितिर रहेको प्रस्तावित थापान्थली स्टोनपार्क पुग्नुभयो भने तपाईलाई तपस्या गरेर केही वर्ष त्यतै बसूँ भैँ लाग्नेछ ।

वडा नं. २ मा रहेको साक्षात देवादीदेव भीमेश्वर महादेव, त्रिपुरासुन्दरी भगवतीबारे त तपाई आफैँ साक्षातकार हुनुहुन्छ । यो प्रकाशनले चम्पुजापार्क सम्पदा, बस्ती, कलासंस्कृति मात्र देखाउँदैन, चम्पुजापार्कसँगै बारानसी अनि मञ्जुश्री पार्कबाट पदमार्ग उक्लिदैं विश्वशान्ति बुद्धपार्क पुऱ्याउनेछ ।

मुख्य बजार क्षेत्र जिल्ला सदरमुकाम र नगरपालिका कार्यालय रहेको भी.न.पा.-३ ले राष्ट्रियस्तरको रंगशाला, सुविधासम्पन्न कबर्डहल, ब्याडमिन्टन हल, बहुउद्देश्यीय सपिङकम्प्लेक्स तयार गर्दैछ भने अन्नबाली फलफूल तरकारीको धनी भी.न.पा.-४ जिलुले पदमार्ग झरेर वृन्दावन पार्क हुँदै एकीकृत नमूना बस्तीसम्म लिएर जान्छ । अमिला जातका फलफूलमा अब्बल वडा नं. ५ मयुरपार्क र विज्ञानपार्क बनाउँदैछ । भ्यूटावर, बुद्धपार्क, खोर्थली खुल्ला चिडियाखानाको सपना बोकेर हिंडेको वडा नं. ६ को चर्चा यस अघि भइसकेको छ ।

स्थानीय कच्चापदार्थमा आधारित उत्पादनलाई बढावा दिने घरेलु, लघु र साना उद्योग स्थापना गर्न भीमेश्वर औद्योगिक पार्क बन्दै गएको वडा नं. ७ तरकारीको भण्डार नै हो । किवी जोन रहेको वडा नं. ८ अरबौं लगानीको गाई फार्म जन्माउँदै छ भने वडा नं. ७ र ८ को बीचमा रहेको रमणीय मनमोहक हात्तीछहरा पदमार्ग नपुगी मन नै मान्दैन । विशाल सम्भावना बोकेर पनि बउरिन नसकेको वडा नं ९ मा रहेको खरिढुङ्गा ओरियन्ट म्याग्नेसाइट र अन्तर्राष्ट्रिय चलचित्र नगरी बारे तपाई आफैँ जानकारी हुनुहुन्छ । यो प्रकाशनले यतिमात्र भन्न खोजेको हो कि तपाई दोलखा प्रवेश गर्दा खरिढुङ्गामा सुन्दर प्रवेशद्वार, चमेना गृह र पर्यटन सूचनाकेन्द्र देख्न सक्नुहुन्छ ।

असल प्रयासहरू धेरै छन् । प्रकाशकीयले कुरा उप्काएको मात्र हो । लेखन, सम्पादन, प्रकाशनमा सहयोगी चरिकोट मिडिया फाउण्डेसनप्रति कृतज्ञ छु । यी सपनाहरू वर्तमान र भावी पुस्ता नेतृत्वका साझा सपना बन्न सकून ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

## भीमेश्वर नगरपालिकाको

# संक्षिप्त परिचय



भीमेश्वर नगरपालिका नेपालको बागमती प्रदेश अन्तरगत दोलखा जिल्लाको सदरमुकाममा अवस्थित ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक, प्राकृतिक र पर्यटकीय दृष्टिकोणले प्रसिद्ध एवम् रमणीय नगरपालिका हो। यो नगरपालिका वि.स. २०५३ सालमा तत्कालिन चरिकोट, माटी, दोलखा र मकैबारी गाविसहरू समावेश गरेर स्थापना गरिएकोमा वि.स. २०७३ सालमा पुनःसाविकको सुष्पाक्षमावती, बोच र लाँकुरीडाँडा गाविसहरू भीमेश्वर नगरपालिकामा थप गरी हालको भीमेश्वर नगरपालिकामा सङ्घीय स्वरुपमा पुनर्संरचना एवम् पुनर्गठन गरिएको हो। यस नगरपालिकालाई ९ वटा वडाहरूमा विभाजन गरिएको छ। आफ्नो मूर्तिमा पसिना उत्पन्न गरेर देशमा प्राकृतिक हलचल, अनिष्ट र राजनीतिक परिवर्तनको पूर्वसूचना दिने साक्षत शक्तिशाली सहस्र अवतारको देवताका रुपमा परिचित भीमेश्वरको नामबाट यस नगरपालिकाको नामकरण गरिएको छ। यस नगरपालिकाको केन्द्र ‘चरिकोट’ नेपालको राजधानी काठमाडौंबाट १३२ किलोमिटर उत्तर पूर्वमा अवस्थित छ।

२७ डिग्री ३६ मिनेट उत्तरदेखि २७ डिग्री ४४ मिनेट उत्तरी आक्षांशसम्म र ८५ डिग्री ५८ मिनेट पूर्वदेखि ८६ डिग्री ६ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको यस नगरपालिकाको क्षेत्रफल १३२.५ वर्ग किलोमिटर रहेका छन् भने पूर्वपश्चिम लम्बाई १७ किलोमिटरसम्म र उत्तर दक्षिण चौडाई १० किलोमिटरसम्म रहेको छ। यस नगरपालिकाको पूर्वमा वैतेश्वर गाउँपालिका,

## भीमेश्वर नगरपालिकाको

# संक्षिप्त परिचय

पश्चिममा सिन्धुपाल्चोक जिल्ला, उत्तरमा कालिञ्चोक गाउँपालिका र सिन्धुपाल्चोक जिल्ला तथा दक्षिणमा शैलुङ गाउँपालिका पर्दछन्। पहाडी प्रदेश अन्तरगत पर्ने र न्यूनतम ८४० मिटर (चर्नावती त्रिवेणीधाम) देखि अधिकतम ३५४९ मिटर (गणेश थुम्की) सम्मका उचाईमा रहेका यस नगरपालिकाको केन्द्र चरिकोट १९७० मिटर उचाईमा रहेको छ। नगरपालिकाको तल्लो भागमा उतोष्ण हावापानी पाईन्छ भने मध्यभागमा न्यानो समशितोष्ण हावापानी र माथिल्लो भागमा शितोष्ण हावापानी पाईन्छ। यस नगरपालिकाको कुल भूभागमध्ये लगभग ५८ प्रतिशत भूभाग वन क्षेत्रले ढाकेको छ।

वि.स. २०७५ सालको घरधुरी तथ्याङ्क सर्वेक्षण प्रतिवेदन अनुसार नगरपालिकामा १०,२५५ घरधुरी रहेका छन्। उक्त सर्वेक्षणमा यस नगरपालिकामा बसोवास गर्ने जनसंख्या ३६,१५५ (पुरुष ४८.६३ प्रतिशत, महिला ५१.१६ प्रतिशत र अन्य ०.२१ प्रतिशत) जना अनुपस्थित जनसंख्या ३,५५२ (१८५१ घरपरिवारबाट) जना र कुल जनसंख्या ३९,६६७ जना रहेको पाइएको छ। अनुपस्थित जनसंख्या मध्ये सबैभन्दा बढी (२७.६५ प्रतिशत जनसंख्या) नोकरीका लागि अनुपस्थित रहेको देखिन्छ। यस नगरपालिकामा जनघनत्व २७३ प्रति वर्ग किलोमिटर रहेको छ। जातिगत दृष्टिकोणबाट यस नगरपालिकामा क्षेत्री ४०.६४ प्रतिशत, नेवार १४ प्रतिशत, तामाङ १२.५९ प्रतिशत, थामी ११.९८ प्रतिशत, बाहुन ८.८६ प्रतिशत, कामी २.९५ प्रतिशत, घर्ती (भुजेल) २.९१ प्रतिशत र अन्य ६.०७ प्रतिशत जातजातिहरूको बसोवास गर्दछन्। धार्मिक दृष्टिकोणले हिन्दु ८२.०४ प्रतिशत, बौद्ध १३.३४ प्रतिशत, किरात ३.३८ प्रतिशत, क्रिश्चियन ०.३९ प्रतिशत, इस्लाम ०.११ प्रतिशत र अन्य ०.७४ प्रतिशत धर्म मान्ने मानिसहरूको बसोवास रहेको पाईन्छ। भाषाको दृष्टिकोणले नेपाली भाषा बोल्ने ८०.३१ प्रतिशत, तामाङ भाषा बोल्ने १०.५९ प्रतिशत, नेवारी भाषा बोल्ने ७.९० प्रतिशत र अन्य १.२० प्रतिशत रहेका छन्। यस नगरपालिकामा ५ वर्ष वा सोभन्दा माथिको उमेर समूहका कुल जनसंख्या ३३,७८५ मध्ये २५,३७२ (७५.१० प्रतिशत) साक्षर रहेका छन्। यस मध्ये महिला ११,८२१ र पुरुष १३,५५१ साक्षर रहेको छ।

भीमेश्वर मन्दिर, त्रिपुरा सुन्दरी मन्दिर, मञ्जुश्री मन्दिर, वाराणसी मन्दिर, महाङ्काल मन्दिर, चर्नावती (त्रिवेणीधाम), चरिघ्याङ गुम्बा यहाँको प्रसिद्ध धार्मिक स्थल हुन भने कालिञ्चोक भगवती मन्दिर प्रवेशद्धारको रुपमा समेत यस नगरपालिका रहेको छ।

तामाकोशी नदी, दोल्ती खोला, चर्नावती खोला आदि भीमेश्वर नगरपालिकाको प्रमुख नदी एवम् खोलाहरू हुन्। थामी संग्रहालय, चम्पूजा पार्क, मञ्जुश्री पार्क, खप्तड कुटी पार्क, इन्द्रसिंहदेव पार्क, इको पार्क सीमपानी पोखरी बाल उद्यान आदि प्रमुख संग्रहालय, पार्क एवम् उद्यानहरू हुन्। ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक सम्पदाहरूको धनी यस नगरपालिकामा प्रशस्त पाटीपौवा रहनुका साथै धेरै स्थानीय जात्रा, पर्व र मेलाहरू मनाउने परम्परा रहेको छ। गाईजात्रा, मच्छिन्द्रनाथको रथ यात्रा यहाँको महत्वपूर्ण जात्रा एवम् पर्वहरू हुन्।



# ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक दोलखा बजार

भीमेश्वर नगरपालिकामा पर्ने हालको दोलखा बजार चरिकोटबाट ४ किलोमिटर उत्तर पूर्व पर्दछ। प्राचीन कालमा दोलखा राज्यको राजधानी रहेको थियो। त्यस कालमा यो बजार अभयपूरको नामबाट परिचित थियो। हाल यस बजारलाई मन्दिर र मूर्तिहरूको नगरीका रुपमा चिनिन्छ। ऐतिहासिक कालमा यो राज्य सम्पन्न, स्वतन्त्र र सशक्त राज्य रहेको पाईन्छ। सोह्रौ शताब्दीमा दोलखाका राजा जयइन्द्रसिंह देवले नेपालमा नै पहिलो पटक चाँदिको मोहर (टक) प्रचलनमा ल्याएका थिए। महाभारतकालमा पाँच पाण्डवहरूले यही गुप्तावास बसेको र उनीहरूले बोल्ने भाषानै दोलखा बजारको नेवारी समुदायले हाल बोल्ने गरेको भाषा रहेको विश्वास गरिन्छ। जुन अन्य नेवारी भाषा भन्दा फरक रहेको छ। यस बजारमा भीमेश्वरको मन्दिर, त्रिपुरा सुन्दरी भगवतीको मन्दिर, काली मन्दिर, टक्सार घर, चम्पूजा हरियाली पार्क रहेका छन्। यसको अतिरिक्त यस बजारमा टोलैपिच्छे विभिन्न मन्दिर, स्तुपा, पाटी र डबलीहरू रहेका छन्। यस बजारमा वर्षभरीनै विभिन्न प्रकारका जात्रा र उत्सव चलिरहन्छन्। यो बजारलाई प्राचीन सांस्कृतिक सम्पदा र नेवारी समुदायको सांस्कृतिक संग्रहालयको रुपमा लिईन्छ।

इतिहास शिरोमणि बाबुराम आचार्यले भनेका थिएः दोलखाको इतिहास नलेखिकन नेपालको इतिहास लेखन पूरा हुँदैन। त्यसैले यो बजार पुराना पुरातात्विक महत्वका सम्पदाहरूको बजार हो। दोलखा बजार आफैमा एउटा ऐतिहासिक, धार्मिक र सांस्कृतिक पक्षहरूलाई समेटेर एकीकृत पर्यटन विकास गर्न भीमेश्वर नगरपालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने लक्ष्य लिएको छ। यो ऐतिहासिक, धार्मिक र सांस्कृतिक बजार क्षेत्रलाई बागमती प्रदेश र भीमेश्वर नगरपालिकाले पर्यटन गन्तव्यको रुपमा विकास गर्न प्राथमिकताको साथ लागीपरेको छ। भीमेश्वर नगरपालिकाले यस बजार क्षेत्रलाई विश्व सम्पदा सूचिमा सुचिकृत गर्न आवश्यक पहल थालेको छ। अन्तराष्ट्रिय चलचित्र नगरी परियोजना निर्माण स्थल यसै नगरपालिकाको वडा नं. ९ स्थित डाङडुङ्गेडाँडामा पर्दछ।

भीमेश्वर नगरपालिकाले भौगोलिक, जनसाङ्खिक, भौतिक, आर्थिक, सामाजिक, वातावरणीय, पक्षहरू लगायत विकासका सूचाङ्क समावेश गरी भीमेश्वर नगरपालिकाको पार्श्वचित्र २०७५ प्रकाशन गरिएको छ। आगामी पाँच वर्षका लागि दीर्घकालीन सोच सहितको आवधिक योजना तर्जुमा गर्न आरम्भ गरिएको छ। नगरपालिकाको प्रत्येक वडाहरूमा अलग पहिचान सहितको विकास निर्माण कार्य सुरु भएको छ।

हालसम्म तयारीको ९५ प्रतिशत कार्यसम्पन्न भईसकेको ४५० मेघावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको समेत सम्भाव्यता अध्ययन पूरा भएको छ। जलविद्युत सम्पदा लगायत गौरीशंकर हिमाल, रोल्वालिङ र प्रसिद्ध च्छोरोल्पा हिमताल यस जिल्लामा पर्दछन्। एसियाको स्वीजरल्याण्ड भनेर चिनिने जिरी उपत्यका समेत यसै जिल्लाको जिरी नगरपालिकामा पर्दछ। यसरी धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक छटाले सिगारिएको जिल्लाको भीमेश्वर नगरपालिका आन्तरिक एवम् बाह्य पर्यटकहरूको उत्कृष्ट गन्तव्यको रुपमा रहेको छ।

## जातीय पहिचानका लागि थामी संग्रहालय

दोलखा जिल्ला थामी समुदायका मुख्य बसोवास रहेको जिल्ला हो । आदिवासी जनजाति समुदायमा सुचिकृत सिमान्तकृत थामी समुदायको मुख्य बसोवास रहेको भीमेश्वर नगरपालिका वडा नम्बर १ सुस्पाक्षमावतीस्थित राङ्राङ्थलीमा थामी संग्रहालय निर्माण भएको छ। भीमेश्वर नगरपालिकाको मुख्य सहयोगमा निर्माण गरिएको थामी संग्रहालयमा पुगेर थामी समुदायको संस्कार, संस्कृति, परम्परागत भेषभुषा, थामी समुदायको सीप कला आदिको अवलोकन गर्न सकिन्छ। आकर्षक पर्यटकीय स्थल र थामी समुदायको बारेमा अध्ययन केन्द्र समेत हुने गरी संग्रहालयलाई विस्तार गर्दै लैजाने नगरपालिकाको योजना रहेको छ । थामी संग्रहालयसँगै गुम्फा आपो (गुफा) रसायर बनेको तिलक पोखरीले सबैलाई मनमोहक बनाउछ । अहिले पोखरी संरक्षण गर्ने कार्य भईरहेको छ। दोलखा सदरमुकाम चरिकोटबाट देउराली हुँदै आधा घण्टाको मोटर यात्राबाट थामी संग्रहालय पुग्न सकिन्छ। यसै गरी सुष्पाक्षमावती थामी जातिको उद्गम थलोको रुपमा परिचित छ। विशेष गरि राङ्राङ्थलीलाई थामी जातिको उत्पति थलो मानिन्छ। यस स्थानमा भेटिएका पुराना चीजबिज र थामी समुदायका अगुवाहरूको भनाईले पनि यसलाई पुष्टि गर्दछ। यस आसपासमा फुर्बा लाख्याङ गुम्बा, खप्तड कुटी पार्क, भुमेस्थान मन्दिर, क्षमादेवी मन्दिर समेत रहेको छ।

संग्रहालयलाई थप व्यवस्थित ढंगले निर्माण र विस्तार कार्यका लागि भीमेश्वर नगरपालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरिसकेको छ । जस अनुसार संग्रहालयमा अत्याधुनिक थ्रीयटर हल, भुमे थान, ध्यान केन्द्र, ओपेरा हल, पाहुना घर, बगैंचालगायत निर्माण गरिने छ।















## वडामै सुविधा सम्पन्न भवन

साविक सुसपाक्षमावती गाविस संघीयता कार्यान्वयनसँगै राज्य पुर्नसंरचना हुँदा भीमेश्वर नगरपालिकामा समाहित भयो । थामी समुदायको बाहुल्यता रहेको यस वडामा नगरपालिकामार्फत प्रवाह हुने सार्वजनिक सेवा सुविधालाई प्रभावकारी ढंगले सेवाग्राही समक्ष पुर्‍याउनका लागि वडा कार्यालय भवन निर्माण गरिएको छ। साविक गाविस भवन रहेकै स्थानमा निर्माण गरिएको भूकम्प प्रतिरोधी वडा कार्यालय भवनबाट सेवाग्राहीहरूले विभिन्न किसिमका सिफारिसलगायत वडाबाट प्रवाह हुने सेवा सुविधा प्राप्त गर्दै आएका छन् । यस वडा कार्यालय २ तले रहेको छ। सबैको पायक पर्ने स्थानमा वडा कार्यालय स्थापना गरेको छ।





## चम्पूजा पार्क

तामाकोशी नदीमा बगिरहेको कञ्चन पानीलाई नजिकैबाट नियाल्ने हो भने चम्पूजा हरियाली पार्क उत्कृष्ट गन्तव्य हो । चरिकोट बजारबाट चम्पूजा पार्कमा मोटरबाट करिव २० मिनेटमै पुग्न सकिन्छ । दोलखा भीमेश्वर र त्रिपुरा सुन्दरी मन्दिरको दर्शनपछि चम्पूजा पार्कमा पुगेर गौरीशंकर हिमालको रमणीय दृष्यसँगै रमाउनको लागि पनि चम्पूजा पार्क उपयुक्त थलो हो । सुविधा सम्पन्न पिकनिक स्थल, शौचालय, खानेपानी, रेष्टुरेन्ट आदिको सुविधा चम्पूजा पार्कमा उपलब्ध छ। दोलखा बजारबाट नजिकै रहेको चम्पूजा पार्कको हरियालीमा दिनभर रमाउन सकिन्छ। चम्पूजा पार्कलाई व्यवस्थित गर्ने कार्यमा भीमेश्वर नगरपालिकाले विशेष ध्यान दिदै आएको छ। अहिले युवायुवीहरू घुम्ने र सेल्फी खिच्नको लागि लर्को लागेका छन् । यस पार्कलाई भीमेश्वर नगरपालिकाले अपाङ्गमैत्री नमुना पार्कको रुपमा समेत विकास गरेको छ। पछिल्लो अवस्थामा यस स्थानमा शिवजीको मूर्ति समेत राखेका छन् ।


















## मञ्जुश्री पार्क

भीमेश्वर मन्दिरबाट करिव १ किलोमीटर दुरीमा पर्ने तिलिञ्चो थुम्कामा रहेको मन्जुश्री मन्दिरसँगै रहेको छ मन्जुश्री पार्क । मन्जुश्री काठमाण्डौं जानु पूर्व सो स्थानमा विराजमान भएको भन्ने स्थानीय किंवदन्ती छ । सो मन्दिरमा सरस्वती पूजा र वालाचतुर्दशीका दिन भव्य मेला लाग्दछ । यस मन्दिर वरपर वनभोज स्थल बनाइएको छ। मञ्जुश्री पार्कलाई व्यवस्थित गर्ने, मन्दिर र पार्कमा रहेका पुरातात्विक सम्पदाहरूको संरक्षणका लागि भीमेश्र नगरपालिकाले लगानी गरेको छ । पार्कको मुख्य भागमा झट्ट हेर्दा सामान्य देखिने मञ्जुश्रीको ढुंगे पादुका रहेको छ। मञ्जुश्री महाचीनबाट दोलखाहुँदै काठमाण्डौ पुगेको भन्ने परम्परागत भनाईलाई यस पादुकाले पुष्टि गर्न सहयोग पुर्‍याउछ । इतिहासका अनुसार धर्मश्रीमित्रले मञ्जुश्रीको अपमान गरेका कारण उनको दुवै आँखा मञ्जुश्रीको पादुकामा खसेको मानिन्छ। यहाँ रहेको मञ्जुश्रीको पादुकामा पनि दुई आँखा रहेका छन् । यही भएर मञ्जुश्रीको प्रतिकका रुपमा दुई आँखा भएको पादुका बनाउने चलन काठमाण्डौमा रहेको छ । यद्यपी मञ्जुश्रीको बारेमा अझै खोज अनुसन्धान भने आवश्यकता रहेको देखिन्छ । तर पनि यो ऐतिहासिक प्राप्ति दोलखाको पर्यटन विकासका लागि भने उपलब्धिका रुपमा लिन सकिन्छ। मञ्जुश्री डाँडालाई तिलिञ्चो डाँडा, दाँइ गर्ने डाँडा, सरस्वती डाँडाको रुपले समेत चिन्न सकिन्छ।













## टुडिखेल खेल मैदान

जिल्ला स्तरीय खेलकुद हुने सदरमुकाम चरिकोटको खेल मैदान अर्थात टुडिखेल मैदानलाई राष्ट्रिय स्तरको खेलमैदानको रुपमा स्तरोउन्नीका लागि भीमेश्वर नगरपालिकाले अग्रसरता लिएको छ । नगरपालिकाको सहयोगमा टुडिखेल खेल मैदान चौडा गर्ने, तारबार लगाउने लगायतका कार्य सम्पन भएको छ। यो सँगै यस खेल मैदानलाई राष्ट्रिय स्तरको खेल मैदानको रुपमा विकास गर्नका लागि नगरपालिकाले विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार गरेको छ। सोही अनुसार ठेक्का प्रक्रियामार्फत आवश्यक सम्झौता भई खेलमैदान निर्माण कार्य सुरु भएको छ। एक सय १० मीटर लम्बाई र ६५ मीटर चौडाई भएको खेल मैदान निर्माण हुने छ।



## कर्भड हल

शारीरिक अभ्यासका विभिन्न खेलकुदका दोलखा सदरमुकाम चरिकोटमा कर्भड हल निर्माण कार्य सुरु गरिएको छ। आगामी दुई वर्षभित्र सम्पन हुने गरी निर्माण गरिएको यस हलमा बास्केट वल, ब्याडमिन्टन, कराँते, कुस्ती, उसु जस्ता खेलकुद अभ्यास र प्रतियोगिताको लागि गर्न सकिने छ। चार सय दर्शक एकै साथ अटाउने यस हलमा एकै साथ दुई वटा खेल खेल्न सकिने छ। ३७ मीटर लम्बाई र ३१ मीटर चौडाईको यस हलमा राष्ट्रिय स्तरको प्रतियोगिताहरू समेत आयोजना गर्न सकिने छ।








## व्याडमिन्टन हल

स्वास्थ्यको लागि खेलकुद भन्ने उक्तिलाई सार्थकता दिनका लागि भीमेश्वर नगरपालिकाको सहयोगमा दोलखा सदरमुकाम चरिकोटमा व्याडमिन्टन हल निर्माण सुरु गरेको छ। दैनिक रुपमा बिहान खेल्न र समय समयमा प्रतियोगिता समेत आयोजना गर्न मिल्ने गरी व्याडमिन्टन कोर्टसहितको हल सदरमुकाम चरिकोटमा निर्माण भईरहेको छ।







## बहुउद्धेश्यीय भवन (सार्वजनिक शौचालय सहित)

भीमेश्वर नगरपालिकाले यस अघि निर्माण गरि सञ्चालन गर्दै आएको सपिङ कम्प्लेक्स २०७२ सालको विनासकारी भूकम्पले क्षति गरे पछि त्यसलाई भत्काईएको थियो । यस अघिको सपिङ कम्प्लेक्स सातदोबाटो चोकमै रहेको थियो । हाल भीमेश्वर नगरपालिकाले पहिलेको सपिङ कम्प्लेक्स भन्दा केही तल कृषि बजारमा नयाँ बहुउद्धेश्यीय भवन निर्माण भईरहेको छ । दोलखा सदरमुकाम चरिकोटको लागि सुविधा सम्पन्न बहुउद्धेश्यीय भवनको अभावलाई पूर्ति गर्न नयाँ भवन निर्माण भईरहेको छ । निर्माण कार्यको अन्तिम चरणमा पुगेको सपिङ कम्प्लेक्सलाई निर्माण सम्पन्न हुन साथ सञ्चालनमा ल्याउने भीमेश्वर नगरपालिकाले जनाएको छ । बहुउद्धेश्यीय व्यवसायिक भवन सार्वजनिक शौचालयसहित पाँच तलको निर्माण हुने छ । आकर्षक र सुविधा सम्पन्न भवनको ग्राउण्ड फ्लोरमा १० कोठा निर्माण हुने छ भने पहिलो र दोस्रो तलालाई वरपर बाउन्ड्री गरि केही समयका लागि खाली राखिने छ भने तेस्रो तलामा २२ कोठा र चौथो तलामा २३ कोठा गरी पहिलो प्याकेजमा ५५ वटा कोठा निर्माण गरिने छ । हाल निर्माण कार्य चलिरहेको छ ।






भीमेश्वर नगरपालिका
चरिकोट, दोलखा
प्रदेश नं. ३

**सातदोबाटो बहुउद्धेश्यीय भवनको आयोजना विवरण**

१) आयोजनाको नाम: सातदोबाटो बहुउद्धेश्यीय भवन (सार्वजनिक शौचालय समेत) निर्माण

२) कामको मुख्य विवरण: ५ तले व्यवसायिक पक्की भवन र सार्वजनिक शौचालय निर्माण

३) निर्माण कार्य शुरु मिति: २०७६ असार सम्पन्न हुने अवधि: १५ वर्ष

४) जम्मा लागत: रु. १२,७६,३२,७०३.८८।-

५) लागत व्यहोर्ने निकाय : क) नगर विकास कोष: ८० प्रतिशत अनुदान
: १० प्रतिशत सरल ऋण
ख) नेपाल सरकार : ७५ प्रतिशत अनुदान
ग) भीमेश्वर नगरपालिका : २५ प्रतिशत

६) निमार्ण व्यवसायी: (क) श्याम सुन्दर निर्माण सेवा
(ख) सम्पर्क व्यक्ति : श्री अर्जुन दाहाल (सम्पर्क नं. ९८४१८४७०८६)

७) प्राविधिक परामर्शदाता : (क) श्री मल्टि डिसीप्लिनरी कन्सल्ट्यान्टस (प्रा) लि.
(ख) सम्पर्क व्यक्ति: श्री रविन्द्र प्रसाद चौरसिया (सम्पर्क नं. ९८४९१४५१४८)

८) गुनासो सुन्ने अधिकारी : श्री मान बहादुर खड्का, प्रमुख प्रशासकीय अधिकृत ) सम्पर्क नं. ९८५४०४६१११)



## जिल्ला सेवा केन्द्र (सेफ हाउस)

दोलखा जिल्लामा हिंसा प्रभावित महिला तथा बालवालिकाहरूलाई सुरक्षित रुपमा राख्नको लागि सुरक्षित आवास गृह अर्थात सेफ हाउसको अभावलाई पूरा गर्न दोलखा सदरमुकाम चरिकोटमा भीमेश्वर नगरपालिकाले सेफ हाउस निर्माण सुरु गरेको छ। सेफ हाउस निर्माण भएपछि हिंसा प्रभावित महिला तथा बालवालिकालाई सुरक्षित रुपमा राख्नको लागि सहज हुने छ।



## वृन्दावन

भीमेश्वर नगरपालिकाको वडा नम्बर ४ मा पर्छ वृन्दावन। वृन्दावन भीमेश्वर नगरपालिकाको एउटा पर्यटकीय सम्भावना बोकेको एउटा मुख्य गन्तव्य हुने कुरामा दुईमत छैन। दोलखा सदमुकाम चरिकोटबाट पैदल हिड्ने हो भने २ घण्टा ओरालो झरेपछि वृन्दावन पुगिन्छ। मोटरबाट जाने हो भने करिव ३० मिनेटमा वृन्दावन पुग्न सकिन्छ। यहाँबाट ऐतिहासिक दोलखा बजारको साथै तामाकोशी नदीलाई नजिकैबाट नियाल्न सकिन्छ। प्राकृतिक वातावरणमा रमाउँदै वनभोज आयोजना गर्न सकिन्छ। एकान्तमा रमाउनको साथै भीमसेन पाईला हेर्न, राधा कृष्णको प्रतिमा अवलोकन र महांकाल मन्दिरको दर्शन गर्न वृन्दावनमा पाईन्छ। वृन्दावनलाई पर्यटकीय क्षेत्र विस्तारका लागि भीमेश्वर नगरपालिकाले गत वर्ष विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार पारेको छ भने यस वर्ष प्रवेशद्धार र वाल कमाउण्ड निर्माण कार्य सम्पन्न भएको छ।







## वडा कार्यालय भवन निर्माण


वडा कार्यालयमार्फत प्रवाह हुने सार्वजनिक सेवा सुविधालाई प्रभावकारी ढंगले सेवाग्राही समक्ष पुर्‍याउनका लागि भीमेश्वर नगरपालिका वडा नम्बर ४ को वडा कार्यालय भवन निर्माण सम्पन्न भएको छ। भूकम्प प्रतिरोधी, सुविधा सम्पन्न वडा कार्यालय भवनबाट सेवाग्राहीहरूले विभिन्न किसिमका सिफारिसलगायत वडाबाट प्रवाह हुने सेवा सुविधा प्राप्त गर्ने छन्।











## टहलेश्वर मन्दिर

दोलखाको भीमेश्वर नगरपालिका वडा नम्बर ४ जिलुस्थित टहलेमा अवस्थित जलेश्वर महादेव नगरपालिकाको प्रसिद्ध धार्मिक स्थलमध्ये एक हो । भूकम्पले क्षति गरेको उक्त मन्दिरलाई भीमेश्वर नगरपालिका, वागमती प्रदेश सरकार लगायतको सहयोगमा पुर्ननिर्माण लगायत अन्य संरचना निर्माण कार्य पूरा गरिएको छ । परम्परागत शैलीमा मन्दिरको मर्मत सम्भार कार्य गरिएको हुनाले मन्दिर परिसर चिटिक्क र हरियाली देखिन्छ । यहाँ जलेश्वर महादेव रहकोले गर्दा यहाँ ठूलो पानीको मूल समेत रहेको छ। मन्दिर परिसरमा परम्परागत शैलीबाट ढुंगेधारा निर्माण गरिएको छ । सदरमुकाम चरिकोटबाट आधा घण्टाको मोटरयात्रा पछि यस मन्दिरमा पुग्न सकिन्छ ।





## एकीकृत वस्ती

भूकम्प पश्चातको पुर्ननिर्माण अभियान अन्तर्गत भीमेश्वर नगरपालिकाको वडा नम्बर ४ मा एकिकृत बस्ती निर्माणले गति लिएको छ। एकीकृत वस्ती विकासका लागि भीमेश्वर नगरपालिका र राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणले आवश्यक भौतिक पूर्वाधारको विकास गरेपछि अहिले यहाँका स्थानीय भूकम्प प्रभावितहरूले धमाधम घर निर्माण गरिरहेका छन्। भूकम्प प्रतिरोधी आवास निर्माण हुँदै गरेको एकीकृत वस्ती दोलखा जिल्लाकै नमूना वस्ती बनेको छ। एकीकृत वस्तीका लागि राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणले सडक निर्माणका साथै वस्ती विकासका लागि भीमेश्वर नगरपालिकाले पनि जग्गा उपलब्ध गराउने अस्थायी टहरा निर्माण गर्ने र अन्य कार्यमा सहयोग गरेको छ।









## पशु प्रजनन केन्द्र

किसानहरूलाई उन्नत जातका बाख्रा पालनका लागि सहज होस भनेर भीमेश्वर नगरपालिका वडा नम्बर ४ मा पशु प्रजनन केन्द्रको स्थापना गरिएको छ। केन्द्रमा उन्नत जातका बोकामार्फत स्थानीय जातका बाख्रालाई प्रजनन गराई गाउँमै बढी उत्पादन हुने किसिमका बाख्राका पाठापाठी उत्पादन गराई किसानलाई फाइदा पुऱ्याउने केन्द्रको मुख्य उद्धेश्य रहेको छ।










## महांकाल मन्दिर

भीमेश्वर नगरपालिका वडा नम्बर ५ मा अवस्थित महांकाल मन्दिर एक प्रसिद्ध धार्मिक स्थल हो । सदरमुकाम चरिकोटबाट मन्दिर परिसरसम्म सडकको पहुँच पुगिसकेको छ । मनोकामना पूरा हुने उद्धेश्यका साथ भक्तजनहरू महांकाल मन्दिर पुग्ने गर्छन् । करिव आधा घण्टा मोटरमा यात्रा गरेपछि पुग्न सकिने उक्त मन्दिर धार्मिक पर्यटकीय स्थल मध्ये एक हो । भीमेश्वर नगरपालिकाले हाल यस मन्दिर सत्तल निर्माण कार्य गरिरहेको छ । मन्दिरमा दर्शनका लागि आउनेहरूको लागि सहज होस भनेर सत्तल निर्माण गरिएको हो । यसै गरी नगरपालिकाले जग्गा खरिद गरी मन्दिर क्षेत्रको विस्तारका साथै वाल, कम्पाउण्ड निर्माण कार्यमा समेत सहयोग गरेको छ ।





## मयूरपार्क

सुन्दर पंक्षी मयूरलाई नजिकबाट नियाल्न र हेर्न मन छ भने अब तपाईको गन्तव्य भीमेश्वर नगरपालिका बन्न सक्छ। किन भने भीमेश्वर नगरपालिकाले अब मयूर पार्क निर्माण गर्दैछ। भीमेश्वर नगरपालिका विभिन्न स्थानमा वन्यजन्तुको वासस्थान रहेको छ। यस नगरपालिकामा पाईन्छ वन्यजन्तु मध्ये मयूर एक मुख्य र सुन्दर पंक्षी भएकोले यस पंक्षीको दृष्य अवलोकन र संरक्षणका लागि नगरपालिको पार्कनै स्थापना गर्न लागेको छ। नगरपालिकाले भीमेश्वर नगरपालिकाको वडा नम्बर ५ स्थित किराँतीछाप विरुवाको जंगलमा मयूर पार्क स्थापना गरिन लागेको हो। यस कार्यका लागि नगरपालिकाले विस्तृत परियोजना प्रतिवेदन डिपीआर तयार गरिसकेको छ।








## पीपलबोट ज्येष्ठ नागरिक आरोग्य केन्द्र

भीमेश्वर नगरपालिका वडा नम्बर ५ मा पर्ने पीपलबोटमा ज्येष्ठ नागरिक आरोग्य केन्द्रको निर्माणका लागि भीमेश्वर नगरपालिकाले भवन निर्माण सुरुवात गरेको छ। दृष्य अवलोकनका लागि समेत प्रख्यात यस पिपलबोटमा निर्माण भईरहेको भवनबाट विभिन्न व्यवसायसँगै जेष्ठ नागरिकका लागि विभिन्न सेवाहरू उपलब्ध हुने छन्। जेष्ठ नागरिकहरू जम्मा भई विविध विषयमा छलफल गर्ने, दृष्यअवलोकन गर्ने, भजन किर्तन गाउने आदि कार्यमा समेत हुने गरी केन्द्र निर्माण भईरहेको छ।











## भ्यूटावर

भीमेश्वर नगरपालिका वडा नम्बर ६ स्थित खोरथली सामुदायिक वनको उच्च स्थानमा रहेको छ भ्यूटावर । भीमेश्वर नगरपालिकाले केहि वर्ष अघि मात्रै निर्माण सम्पन्न गरेको उक्त भ्यूटावर चरिकोट बजारको माथिल्लो भागमा पर्छ । अष्टभुजा आकारमा निर्माण गरिएको पाँचतले उक्त भ्यूटावरबाट दोलखा जिल्लाको अधिकांश भूभाग र भीमेश्वर नगरपालिकाको सम्पूर्ण भाग देख्न सकिन्छ । भ्यूटावरमा हाल दृष्य अवलोकन गर्नेहरूको भीड लाग्ने गरेको छ । भ्यूटावरसँगै अपाङ्गमैत्री पार्क, हल र रेष्टुरेन्ट सुविधा समेत उपलब्ध रहेको छ ।



## सिमपानी

चरिकोट बजारको माथिल्लो भागमा पर्छ सीमपानी पोखरी । स्थानीयहरूको बिहानी हिडाई र सन्ध्याकालीन सुस्ताई सिमपानी पोखरी क्षेत्रमा हुने गरेको छ। उक्त पोखरीमा बोटिडमार्फत जलक्रिडाको समेत सुविधा रहेको छ। खानपानका लागि रेष्टुरेन्टहरू समेत उपलब्ध रहेका छन् । सिमपानी पोरखीमा सँगै वालवालिकाहरूलाई खेल्नका लागि बालमैत्री पार्क समेत स्थापना गरिएको छ। पोखरीको पानीलाई नगरपालिकाले आसपासका क्षेत्रमा सिंचाई बजार क्षेत्रमा आगलागी भएमा नियन्त्रणका लागि उपयोग गर्ने प्रवन्ध मिलाईएको छ।



## विश्व शान्ति बुद्धपार्क

शान्तिका अग्रदुत गौतम बुद्धको नामबाट दोलखामा भीमेश्वर नगरपालिकाले विश्व शान्ति बुद्धपार्क निर्माण सुरु गरेको छ । पार्क निर्माणका लागि भीमेश्वर नगरपालिका विस्तृत परियोजना प्रतिवेदन डिपीआर तयार गरिसकेको छ । भ्यूटावर नजिकै देउरालीतर्फ खोरथली वन क्षेत्रमा ८५ फिट अग्लो बुद्धको मुर्ति सहितको पार्क निर्माण हुने छ ।









खोरथली खुला चिडियाखानाको सफारीमार्ग

दोलखा जिल्ला पर्यटकीय जिल्ला हो । यस जिल्लामा पर्यटकीय सम्भावना प्रशस्तै रहेको छ । दोलखा आउने पर्यटकहरूलाई केही दिन जिल्लाभित्र नै घुम्ने र रमाउने स्थान निर्माणका लागि भीमेश्वर नगरपालिका यतिबेला लागी परेको छ। दोलखा सदरमुकाम चरिकोट बजारको माथिल्लो भागमा रहेको खोरथली सामुदायिक वन क्षेत्रमा विभिन्न पर्यटकीय स्थल निर्माण गरी समग्र वन क्षेत्रलाई नै पर्यटकीय क्षेत्र बनाउने अभियानमा भीमेश्वर नगरपालिका जुटेको छ । यसको लागि भीमेश्वर नगरपालिकाले खोरथली सामुदायिक वन क्षेत्रमा खुल्ल चिडियाखाना र जंगल सफारी गर्नका आवश्यक संरचना तयार गर्ने अभियानको सुरुवात गरेको छ ।











## खोरथली पुनःभरण पोखरी

भीमेश्वर नगरपालिकाले खोरथली सामुदायिक वन क्षेत्रमा पुनःभरण पोखरी अर्थात रिचार्ज पोखरी निर्माण गरेको छ । पर्यावरणको सुरक्षा, जलवायु परिवर्तनको असर न्यूनिकरणका लागि यस्ता पोखरी महत्वपूर्ण हुन्छ । यस्ता पोखरीका कारण वन्यजन्तुलाई खानेपानीको लागि उपयुक्त हुन्छ भने तल्लो तटिय क्षेत्रमा चिस्यान कायम राख्न र पानीका मुहान संरक्षणका लागि समेत पुनःभरण पोखरी निर्माण गरिन्छ। बजार क्षेत्रमा आगलागी भएको बेला आपतकालीन अवस्थामा समेत यस्तो पोखरीले महत्वपूर्ण भूमिका हुने गर्दछ।







## मुलखर्क खेल मैदान

खेलकुद क्षेत्रलाई विशेष प्राथमिकता दिएको भीमेश्वर नगरपालिकाले मुलखर्कमा राष्ट्रिय स्तरको खेल मैदान निर्माण कार्य सुरु गरेको छ । फुटवललगायत अन्य खेलहरूको लागि उपयोगी हुने गरी खेलकुद मैदान निर्माण कार्य अगाडि बढेको छ। यस खेल मैदानलाई टुडिखेल खेल मैदानको वैकल्पिक खेलकुद स्थलको रुपमा विकास गर्न भीमेश्वर नगरपालिका लागी परेको छ।






## मकैबारी (तरकारी बारी)

गाउँमा बसोबास गर्ने स्थानीयका कारणले गर्दा कुनै गाउँकै पहिचान र नाम समेत बदलिन्छ। गाउँलेहरू आफ्ना कर्मका कारण कुनै मकैबारीको नामले पहिचान पाएको भीमेश्वर नगरपालिकाको वडा नम्बर ७ अहिले तरकारी बारीमा परिणत भएको छ। तरकारी बारीको पहिचान बनाएको मकैबारीमा उत्पादन भएको तरकारी चरिकोटदेखि राजधानीको कालीमाटीसम्म पुग्ने गरेको मात्र छैन मकैवारी तरकारी ब्राण्डको रुपमा समेत यहाँको तरकारी प्रख्यात रहेको छ। बाह्रै महिना बाह्रै सिजन मैसमीदेखि बेमौसमी सम्मका तरकारी मकैबारीमा उत्पादन हुने गर्छ। भीमेश्वर नगरपालिकाले तरकारी उत्पादनका लागि आवश्यक सहयोग गर्दै आएको। किसानलाई तालिमदेखि, मल र औजारमा सहयोग गर्नुका साथै रोक किरा नियन्त्रणका लागि समेत सहयोग गर्दै आएको छ। साथै भीमेश्वर नगरपालिकाले तरकारी संकलन केन्द्र स्थापनाको लागि समेत सहयोग गरेको छ।










## हात्तीछहरा

दोलखाको भीमेश्वर नगरपालिका वडा नम्बर ७ र ८ को सीमाना रहेको हात्ती छहरा अत्याधिक पर्यटकीय सम्भावना बोकेको झर्ना हो । वर्षातको समयमा उक्त झर्ना अत्यन्तै आकर्षक देखिन्छ । बोचको थलनागी हुँदै गिप्सीङखोला, ढुङ्गेरी, निङाले, बिरौटा, फुसफुसेहुँदै करिव २ घण्टा पैदल यात्राबाट हात्ती छहरा पुग्न सकिन्छ। भीमेश्वर नगरपालिका र बोच गाविसलाई छुट्टयाउँदै हात्तीछहराबाट बग्दै आउने गर्छ। यो खोला अर्को महत्वपूर्ण जल भण्डार हो। यही जल भण्डारबाट बग्ने सफा पानी चरिकोटसम्म आपूर्ति गर्ने तयारी भईरहेको छ । तामाकोशीको पूर्वपट्टिबाट तामाकोशीमा मिसिने गोपीखोला र पश्चिमबाट मिसिने चर्णावती दोभान वेनीघाटमा बाला चर्तुदशीमा मेला समेत लाग्ने तीर्थ स्थल हो । शेरा वेंसी, खकाले वेंसी, सुंगुरे वेंसी, काउले वेंसी यस खोलाका आसपासमा रहेका उर्वर भूमिहरू हुन्। यस छहरामा भीमेश्वर नगरपालिकाले रक क्लाईमिङ र क्लोनिङको सम्भाव्यता अध्ययन गरिसकेको छ।

भीमेश्वर नगरपालिको वडा नम्बर ७ र ८ को सीमानामा पर्ने हात्तीछहरासम्म पुग्नका लागि भीमेश्वर नगरपालिकाको वडा नम्बर ८ बाट पदमार्ग निर्माण गरिएको छ । हाईकिङमा रमाउनेहरू यो पदमार्ग हुदै हात्तीछहरा सम्म पुगेर फर्कन सक्छन् । करिव २ घण्टा लामो पदयात्रा पछि मन लोभ्याउने हात्तीछहरा झर्नाको दृष्यमा रमाउन सकिन्छ। लेकाली वनस्पति र स्वच्छ अनि अर्गानिक हावापानीमा रम्दै हात्तीछहरासम्म पुग्न सकिन्छ।













## भीमेश्वर औद्योगिक ग्राम पूर्वाधार विकास

सम्वृद्ध नेपाल निर्माणका लागि रोजगारी सिर्जना हुन अति आवश्यक छ। रोजगारी सिर्जनाका लागि उद्योग महत्वपूर्ण पिल्लर मानिन्छ। जति धेरै औद्योगिक क्षेत्रको विस्तार भयो, समाजमा त्यत्तिनै रोजगारी बढ्ने भएकोले भीमेश्वर नगरपालिकाले भीमेश्वर औद्योगिक ग्राम पूर्वाधार विकास कार्यक्रम सुरु गरेको छ। स्थानीय स्तरमा उत्पादन हुने वन र कृषिजन्य पर्दाथहरूको प्रशोधन गर्ने र परस्परागत सीप र हस्तकलामार्फत उत्पादन हुने स्थानीय वस्तुहरूको प्रवर्द्धनमार्फत रोजगारी सिर्जना गर्ने औद्योगिक ग्रामको प्रमुख उद्धेश्य हो। घरेलु तथा लघुउद्योगमार्फत विपन्न समुदायको जीवनस्तर सुधार गर्ने औद्योगिक ग्रामको अर्को उद्धेश्य रहेको छ। स्थानीय स्तरमा उत्पादन हुने आलुको विभिन्न परिकार होस् या किवीको जुस उत्पादन गरी बिक्री वितरण गर्ने, नेपाली कागज उद्योग, घरेलु हाते औजार उद्योग, फोहोर मैला प्रशोधन गरी पुनपयोगका सामग्री उत्पादन गर्ने उद्योग जस्ता सानो लगानीबाट उत्पादन गर्न सकिने लघु उद्योगलाई नगरपालिकाले प्रोत्साहन गर्ने छ। औद्योगिक ग्रामका लागि नगरपालिकाले विस्तृत परियोजना प्रतिवेदन डिपीआर तयार गरिसकेको छ भने पूर्वाधार विकासका कामहरू पनि सुरु गरिसकेको छ। सडक निर्माण र जग्गा छुट्याउने कार्य सुरुवात भएको छ।





## सूचना केन्द्रसहितको प्रवेशद्वार

दोलखा जिल्ला प्रवेश गर्नेहरूको लागि पहिलो प्रवेशद्वारमै जिल्लाको बसै जानकारी दिने उद्धेश्यका साथ भीमेश्वर नगरपालिकाले नगरपालिकाको वडा नम्बर ९ स्थित लाँकुरीडाँडामा सूचना केन्द्र सहितको प्रवेशद्वार निर्माण गरेको छ। प्रवेशद्वारमा दोलखाबारे आवश्यक सम्पूर्ण जानकारी सहितको सूचना केन्द्र स्थापना गर्ने कार्यको सुरुवात भएको छ। सूचना केन्द्रसँगै दोलख जिल्लाका पहिचान झल्कने आर्ट, तस्वीर, मूर्तीहरूले आगन्तुकलाई स्वागत गरिने छ। प्रवेशद्वारमा आगन्तुकहरूले दोलखा जिल्लाको बारेमा जानकारी लिदै ईच्छा अनुसार चिया, कफी र खाजाको लागि रेष्टुरेन्ट, पार्किङ स्थल, लघु पदमार्ग, आधुनि शौचालय समेतको निर्माण गर्ने भीमेश्वर नगरपालिकाले तयारी गरेको छ। वनभोजमा रमाइलो गर्नेहरूको लागि पिकनिक स्पट र मिनी पार्क यही गेटसँगै निर्माण गर्ने नगरपालिकाको तयारी छ।








## शिवपोखरी

दोलखा प्रवेश गर्ने बित्तिकै खरिढुंगाको वनोटले आगन्तुकको मन खुशी बनाउने छ । यसको साथमा गौरीशंकर हिमालको स्वागतसँगै शिवपोखरीले ध्यान खिच्ने छ । बीच पोखरीमा शिवको मन्दिर वरिपरी हरियाली पोखरीमा हिमालको छाया । निक्कै चित्ताआर्कषक छ शिवपोखरी । यस पोखरीको थप आकर्षक बनाउनका लागि भीमेश्वर नगरपालिकाले आवश्यक सहयोग गरेको छ । शिवपोखरीमा बोटिङ गर्दै जिल्लाकै उच्च भेगको हावापानीमा रमाउन सकिन्छ । शिवपोखरी नजिकै पिकनिक स्पोट समेत निर्माण गरिएको छ ।







### खेलमैदान

भीमेश्वर नगरपालिकाले खेलकुद क्षेत्रको लागि विशेष महत्वका साथ लगानी गर्दै आएको छ। जिल्ला सदरमुकाम मात्र नभएर अन्य वडाहरूमा समेत खेल क्षेत्रको विकासका लागि लगानी गर्दै आएको छ। यसको उदाहरण हो भीमेश्वर नगरपालिकाको वडा नम्बर ९ मा निर्माण गरिएको खेल मैदान।


# भीमेश्वर नगरपालिकाको पर्यटकीय स्थलहरु













भीमेश्वर नगरकार्यपालिकाको कार्यालय, चरिकोट

# जनप्रतिनिधि/कर्मचारीहरू

| नगरपालिका कार्यालय टेलिफोन/ईमेल | ०४९-४२११०० / info@bhimeshwormun.gov.np | | |
|---|---|---|---|
| क्र.स. | नाम, थर | पद | सम्पर्क |
| १ | भरत बहादुर के.सी. | नगर प्रमुख | ९८५११४३७७९ |
| २ | कमला बस्नेत | नगर उपप्रमुख | ९८४४०६०२७१ |
| ३ | मानबहादुर खड्का | प्रमुख प्रशासकीय अधिकृत | ९८५४०४६१११ |
| ४ | विर बहादुर थामी | कार्यपालिका सदस्य | ९७४१०९४१२९ |
| ५ | विराजमान श्रेष्ठ | कार्यपालिका सदस्य | ९८४१२३३०८३ |
| ६ | हरिशरण शिवाकोटी | कार्यपालिका सदस्य | ९८४४३०४५४५ |
| ७ | हरिवंश चौलागाई | कार्यपालिका सदस्य | ९८५११९४३६० |
| ८ | रामचन्द्र बस्नेत | कार्यपालिका सदस्य | ९८४४०१३६२२ |
| ९ | नविनकुमार लामा | कार्यपालिका सदस्य | ९८५११५३७७४ |
| १० | कैलाशकुमार श्रेष्ठ | कार्यपालिका सदस्य | ९८४४०६५९४० |
| ११ | नकुल के.सी. | कार्यपालिका सदस्य | ९८१६८७९२३४ |
| १२ | चित्रबहादुर भुजेल | कार्यपालिका सदस्य | ९८४४२३९७२८ |
| १३ | लालकृष्ण थामी | कार्यपालिका सदस्य | ९७४४०४७४४४ |
| १४ | दिपक धनुके | कार्यपालिका सदस्य | ९८४४१९६२२० |
| १५ | सुमन सुनाम | कार्यपालिका सदस्य | ९८४४०६०८४५ |
| १६ | रुपा शाही भुजेल | कार्यपालिका सदस्य | ९८४४३२८९१७ |
| १७ | गौरी थामी | कार्यपालिका सदस्य | ९८०७६२८३१४ |
| १८ | मन्जु विश्वकर्मा | कार्यपालिका सदस्य | ९८४४०६०२४३ |
| १९ | जमुना श्रेष्ठ | कार्यपालिका सदस्य | ९८४१६९०४५७ |
| २० | किरण वली | कार्यपालिका सदस्य | ९८४७८०१४४५ |

**भीमेश्वर नगरकार्यपालिकाको कार्यालय, चरिकोटले निर्माण गरेका**

# ऐन/कानुनहरू

| |
|---|
| विनियोजन ऐन, २०७६ |
| आर्थिक ऐन, २०७६ |
| अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ |
| सामुदायिक विद्यालयको आर्थिक कार्यविधि सम्बन्धी नियमावली, २०७५ |
| सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०७४ पहिलो संशोधन सहित |
| विनियोजन, २०७५ |
| आर्थिक ऐन, २०७५ |
| घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी नियमावली, २०७५ |
| सहकारी ऐन, २०७४ |
| स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ |
| प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ |
| न्यायिक समिति कार्यविधि ऐन, २०७४ |
| कृषि तथा पशुपालन सम्बन्धी ऐन, २०७४ |
| करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ |
| आर्थिक कार्यविधि ऐन, २०७४ |